## १२९ औं कार्यपालिका बैठकका निर्णयहरू:

मिति : २०७९/०४/०५ गते

निर्णय नं. १: १२८ औं कार्यपालिका बैठकका निर्णयहरु कार्यान्वयन अवस्थाको समिक्षा गरियो।

निर्णय नं. २: हेवि उपकरण संचालन तथा व्यवस्थापन निर्देशिका, २०७९ लाई संसोधन सहित स्वीकृत गर्ने ।

निर्णय नं. ३: भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको लगत संकलन सम्बन्धी कार्यविधि २०७८ को अनुसूची ३ र ४ को बुदा नं. ८ मा उल्लेख भए बमोजिमका १४ किसिमका जग्गा मध्ये नगर कार्यपालिकाले अनुमोदन गर्ने गरी प्रत्येक वडास्तरीय भूमिहीन र अव्यवस्थित बसोबासी व्यवस्थापन सहजीकरण समितिले आफ्नो वडा भित्रको जग्गाको प्रकृती छुटयाउने र सो को विवरण कार्यपालिकामा पेश गर्ने ।

निर्णय नं. ४: शुक्लाफाँटा नगरपालिकाबाट विगतमा नामाकरण भएका/ नामाकरण हुन छुटेका सडकहरूको नामहरू परिवर्तन गर्न आवश्यक देखिएमा वडा कार्यालयले सूचना प्रकाशन गर्ने र प्राप्त निवेदनको आधारमा टोल भेला गरि गराई माइन्युट सहित नाम परिवर्तनका लागि मिति २०७९/०४/१५ गते सम्ममा नगरपालिकामा सिफारिस गरि पठाउने ।

निर्णय नं. ५: राष्ट्रिय सतर्कता केन्द्रको आ. व. २०७८/७९ को सम्पत्ती विवरण बुझाउने सम्बन्धि मिति २०७९/०४/०१ को सूचना कार्यपालिकामा प्रस्तुत गरियो ।

निर्णय नं. ६: ग्रीन अर्थ निर्माण सेवा शुनपा-१० लाई घ वर्गको निर्माण व्यवसायी इजाजत पत्र प्रदान गर्ने ।

निर्णय प्रमाणित

२०७९।४।८